शैल्यशिखर नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ४८ मितिः २०८२/०२/३०

भाग-१

शैल्यशिखर नगरपालिका

## एम्बुलेन्स सञ्चालन व्यवस्थापन कार्यविधि, २०८२

| | |
|---|---|
| नगरसभाबाट स्वीकृत मिति | २०८२/०२/३० |

# <u>एम्वुलेन्स संञ्चालन व्यवस्थापन कार्यविधी,२०८२</u>

**<u>प्रस्तावनाः</u>**

शैल्यशिखर नगरपालिका भित्र रहेका वासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ सेवा पुर्याउनका लागि एम्वुलेन्स सेवा सञ्चालन सेवा संञ्चालनलाई पारदर्शि, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा जनताको पहुँचयोग्य बनाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न एम्वुलेन्स संञ्चालनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,यो कार्यविधी निर्माण गरी लागु गरेको छ ।

## परिच्छेद- १

## <u>प्रारम्भिकः</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधीको नाम "एम्वुलेन्स संञ्चालन व्यवस्थापन कार्यविधी २०८२" रहेको छ ।

(२) यो कार्यविधी कार्यपालिकाले स्वीकृत गरेको मिति देखी लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क)"कार्यपालिका" भन्नाले शैल्यशिखर नगरकार्यपालिका लाई सम्झनु पर्छ ।

(ख)"समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको एम्वुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(ग) " एम्वुलेन्स" भन्नाले विरामी वा घाईते ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शव्दले एम्वुलेन्समा जडित उपकरण,चालक र परिचालक समेतलाई जनाउँछ ।

(घ)"एम्वुलेन्स जनशक्ति" भन्नाले एम्वुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ङ)"चालक" भन्नाले एम्वुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(च)"नगरपालिका" भन्नाले शैल्यशिखर नगरपालिका लाई सम्झनु पर्छ ।

(छ)"सेवा शुल्क" भन्नाले एम्वुलेन्स प्रयोग गरे वाफत सेवाग्राहीले वुझाउनु पर्ने गरि समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(ज)"नगर प्रमुख" भन्नाले शैल्यशिखर नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्छ ।

(झ)"नगर उप प्रमुख" भन्नाले शैल्यशिखर नगरपालिकाको नगर उप प्रमुख लाई सम्झनु पर्छ ।

(ज) " प्रमुख प्रशासकीय" भन्नाले शैल्यशिखर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(ज)"सेवा" भन्नाले एम्वुलेन्सले विरामी वा घाईते लाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

## परिच्छेद- २

## एम्वुलेन्स संञ्चालन सम्वन्धी व्यवस्थाः

### ३. एम्वुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठनः

(१) एम्वुलेन्स सेवा सञ्चालनको व्यवस्थापन,रेखदेख तथा अनुगमन गर्न एक एम्वुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्य रहनेछन,

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उप प्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक -सदस्य

(ङ) एम्वुलेन्स रहने वडाको वडा अध्यक्ष -सदस्य

(च) कार्यपालिकाले तोकेको १ जना नगर महिला सभा सदस्य -सदस्य

(घ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(३) समितिको कुल सदस्य संख्या मध्ये एकावन्न प्रतिशत उपस्थित भएमा बैठक वस्नको लागि गणपूरक खंख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।समितिको बैठक भत्ता कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको बैठक सम्वन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम कर्तव्य र अधिकारः**

(१) दफा ३ बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिक हुनेछ ।

(क) एम्वुलेन्स सेवा पारदर्शि सरल भरपर्दो र व्यवस्थित रुपमा संञ्चालन गरे नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचार संहिता लागु गराउने तथा यस निर्देशिका अनुसारको आचार संहिता पालना नगर्ने चालकलाई चेतावनी दिने रु आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्वुलेन्स सेवाको वारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) सरोकारवालाबिच आवश्यकता अनुसार एम्वुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

(ङ) नगरपालिकाको बिशिष्ठतालाई ध्यानमा राखी एम्वुलेन्स सेवा संञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

(च) कार्यपालिकाले निर्धारण गरेका सेवा शुल्कलाई प्रत्येक २ वर्षमा बजार भाउ,महङ्गीको अवस्था ईन्धनको दररेट लगायत निश्चित मापदण्डको आधारमा पुनरावलोकन गर्न कार्यपालिका समक्ष सिफारिश गर्ने ।

(छ) चालक सेवा शुल्क लिई कोषमा दाखिला गरे नगरेको निरिक्षण गर्ने ।

(ज) अन्य काम कर्तव्य र अधिकार कार्यपालिकाले तोके अनुसार हुने ।

## परिच्छेद- ३

## कर्मचारी व्यवस्थापन तथा नियुक्ति सम्वन्धी व्यवस्थाः

**(५) कर्मचारीको नियुक्तिः**

(१) एम्वुलेन्स सञ्चालनका लागी एक जना चालक करार सेवामा भर्ना गरिनेछ।नगरपालिकाको कर्मचारी भर्ना तथा व्यवस्थापन समितिले चालक भर्नाका लागि आवश्यक शैक्षिक योग्यता अनुभव तथा अन्य आधार तयार गर्ने तथा चालक नियुक्ति सम्वन्धी सवै कार्य नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

**(६) पारिश्रमिक तथा सेवा शर्तहरुः**

(१) एम्वुलेन्स चालकको पारिश्रमिक तथा सेवा शर्तहरु देहाय बमोजिम हुनेछन्।

(क) चालकको तलव भत्ता नगरकार्यपालिकाले सम्वन्धित पदको लागि निर्धारण गरे बमोजिम हुनेछ ।अन्य सेवा सुविधाको सम्वन्धमा सेवा शुल्क वाफत उठेको रकम प्रयाप्त भएमा र आवश्यकताको आधारमा दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) चालकको रु २ लाख सम्मको दुर्घटना बिमा गरिनेछ।बिमाको प्रिमियम वाफतको रकम यस कार्यविधि बमोजिम कोषवाट वेहोरिनेछ ।

(ग) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूचि १ बमोजिम हुनेछ ।

## परिच्छेद- ४
## सेवा शुल्क तथा मर्मत सम्भार सम्वन्धी व्यवस्थाः

**(७) सेवा शुल्क सम्वन्धी व्यवस्थाः** एम्वुलेनस सेवा प्रयोग गरे वाफत सम्वन्धित सेवाग्राहीले कार्यपालिकाले निर्धारण गरे बमोजिमको रकम सेवा शुल्कको रुपमा वुझाउनु पर्नेछ ।सेवा शुल्क वाफत लिईने रकम नगदी रसिद काटी दफा (८) बमोजिमको कोषको बैक खातामा जम्मा गर्ने जिम्मेवारी चालकको हुनेछ ।

**(७) सेवा शुल्क सम्वन्धी व्यवस्थाः**

(१) एम्बुलेन्स सेवा वाफतको उठेको रकम जम्मा गर्न कर्मचारी तलव भत्ताको व्यवस्था गर्न तथा एम्वुलेन्स मर्मत सम्भार गरी नियमित संञ्चालन गर्न एक छुट्टै एम्वुलेन्स सञ्चालन कोषको व्यवस्था गरिनेछ ।कोषका स्रोतहरु देहाय बमोजिम हुनेछन् ।

(क) सेवाग्राही वाट प्राप्त सेवा,

(ख) नेपाल सरकार,प्रदेश सरकार,नगरपालिका र कुनै व्यक्ति वा संस्थावाट एम्वुलेन्स संञ्चालनका लागि प्राप्त रकम,

(ग) अन्य श्रोतवाट प्राप्त रकम,

(२) कोषमा प्राप्त हुने सवै रकम नगरपालिकाको एउटा छुट्टै खातामा जम्मा गर्नुपर्नेछ ।

(३) कोषमा जम्मा भएको रकमवाट देहाय बमोजिमको खर्च मात्र वेहोरिनेछ ।

(क) चालकको तलव भत्ता तथा अन्य सेवा सुविधा,

(ख) एम्वुलेन्स मर्मत सम्भार तथा ईन्धन खर्च,

(ग) समितिको बैठक भत्ता,

(घ) एम्वुलेन्समा भैपरी आउने अन्य खर्च,

(४) कोषको खाता संञ्चालन र कोष सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम २ जनाको संयुक्त हस्ताक्षरवाट संञ्चालन गरिनेछ ।

## परिच्छेद- ५
## विविधः

(८) लेखा र लेखा परिक्षणः

(१) एम्वुलेन्स सञ्चालन कोषको आय व्ययको लेखा आर्थिक प्रशासन ऐन नियम बमोजिम आर्थिक प्रशासन शाखाले राख्नेछ ।

(२) एम्वुलेन्स कोषको लेखा परिक्षण महालेखा परिक्षकको कार्यालय वाट वार्षिक रुपमा गरिनेछ ।

(१०) **एम्वुलेन्स रहने स्थानः** एम्वुलेन्स रहने स्थान गोकुलेश्वर अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा नगर कार्यपालिकाले तोके अनुसार रहनेछ ।

**(११) एम्वुलेन्स मर्मत सम्भारः** एम्वुलेन्स नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नुपर्ने भएमा स्टमेट गराई दफा (३)बमोजिमको समितिको निर्णयानुसार हुनेछ ।

**(१२) कार्यविधिको व्याख्याः** यो कार्यविधिको अन्तिम व्याख्या शैल्यशिखर नगरकार्यपालिकाले गर्नेछ ।

**(१३) कार्यविधि संशोधनः** यो कार्यविधि आवश्यक परेमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**(१४) बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा उल्लेखित व्याख्या कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आई परेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूचिः१

(कार्यविधिको दफा ६ को उपदफा (ग) सँग सम्वन्धित)

## एम्वुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१.शैल्यशिखर नगरपालिकाको एम्वुलेन्स सेवा सञ्चालन कार्यविधी २०८२लाई पूर्णत पालना गर्नुपर्नेछ ।

२.आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वस्नियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल् पुग्ने कुनै काम गर्न नहुने ।

३. मादक पदार्थ सूर्तिजन्य पदार्थ सेवन गरी एम्वुलेन्स चलाउन नहुने ।

४.बिरामी कुरुवा तथा बिरामी सँग सम्वन्धीत समान वाहेक अन्य सरसमान तथा व्यक्ति यात्रुहरुलाई ओसारपसार गर्न नहुने ।

५. बिरामी ओसार पसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्च स्तरीय सेवा प्रदान गर्नुपर्ने ।

६. आफूले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्छ ।

७.आफूले पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएको पेशागत दक्षता आफ्नो क्षैत्रमा अरुलाई पनि सिकाउने ।

८.कुनै पनि विरामीलाई ओसार पसार गर्नु अघि उसको वारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ।

९. बिरामी बिच बाटोमा छाड्न नहुने ।

१०. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीबाट पाएको जानकारी तेश्रो पक्षलाई भन्न नहुने तथा कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीहरुको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाहरुको वारेमा जानकारी दिन सक्ने ।

११. एम्वुलेन्स सेवा व्यवस्थापनमा सहयोग गर्नुपर्ने ।

१२. आफूले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रवाह पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।

१३. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसार पसार नगर्ने ।प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म.............(नाम).........................ठेगना .................. ना.प्र.प्र.नं...............जिल्ला ड्राभिङ लाईसेन्स नम्वर ............... ले माथीको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ........... जिल्ला ................. संस्थाको एम्वुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहिछाँप गरेको छु ।

| | |
|---|---|
| चालकको: | रोहवरमा प्रमाणित गर्ने व्यक्तिको |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| मिति: | मिति: |

संस्थाको छाँप

## अनुसूचिः१

(कार्यविधिको दफा ६ को उपदफा (ङ) सँग सम्वन्धित)

एम्वुलेन्स सञ्चालनको लगबुक

सवारी नम्वरः                                                   सवारी चालकको नामः

| क.स. | मिति | ठाँउ | | दुरी कि.मी. | | जम्मा दुरी | सेवा शुल्क रु. | ईन्धन | बिरामिको नाम | कुरुवाको नाम | ठेगाना | बिरामिको प्रकृति | कुरुवाको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखी | सम्म | शुरु | अन्तिम | | | डिजेल | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

## अनुसूचिः३

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्वन्धित सेवा शुल्क सम्वन्धि दररेट)

### जिल्ला भित्रका अस्पताल सम्म निःशुल्क सिफारिस गर्ने अवस्थाहरुः

१. बिरामी भर्ना भएको स्वास्थ्य चौकीमा उपचार गरी त्यस ठाँउमा उपचार सम्भव नहुने स्वास्थ्यकर्मीको लिखित सिफारिस भएमा ।
२. दुर्घटनामा परेर ठूला चोटपटक लागि हस्पिटल नपुर्याउदा ज्यान जानसक्ने अवस्था भएको स्वास्थ्यकर्मीको लिखित सिफारिश भएमा ।
३. स्थानीय वर्थिङ सेन्टरमा प्रसुती हल हुन नसकेको स्वास्थ्यकर्मीको लिखित सिफारिश भएमा ।

माथी उल्लेख वाहेका सामान्य प्रकृतीका विरामिले अन्य ठाँउका हस्पिटल जान चाहेमा पालिका भित्र र जिल्ला सदरमुकाम सम्म रु. २५०० देखी ५००० सम्म दुरी हेरी राजश्व शुल्क लिने ।

## जिल्ला वाहिर जानुपर्ने (एकतर्फि) अवस्थामाः

१. सम्पूर्ण शैल्यशिखरवासीको हकमा २० प्रतिशत छुट र वडाको रकमवाट खरिद गरेको भएमा सो वडालाई ५० प्रतिशत छुट गरी राजश्व संकलन गराउने ।
२. विपदको चपेटामा परेका नागरिकलाई निशुल्क सेवा दिने ।

नोटः

- सवै किसिमका बिरामिको सेवा उपभोग गर्न लिखित सिफारिश आवश्यक पर्ने ।
- स्वास्थ्य चौकीमा नै समाधान हुन सक्ने सामान्य प्रकृतिका विरामीलाई निशुल्क सेवाको सिफारिश गरेमा सिफारिश गर्ने स्वास्थ्यकर्मीवाट साथै लिखित कागज राखी सेवा उपलब्ध गराएमा सवारी चालकवाट रु.५००० का दरले राजश्व अशुल उपर गरिनेछ ।

## समिति द्धारा निर्धारित भाडादरः

| क्र.स. | स्थान देखी | स्थान सम्म | शुल्क रु. |
|---|---|---|---|
| १ | नगरपालिका ९ वटै वडाहरुवाट | गोकुलेश्वर अस्पताल | २५००। |

| | | | |
|---|---|---|---|
| २ | गोकुलेश्वर | धनगढी | १५०००। |
| ३ | गोकुलेश्वर | नेपालगञ्ज | २००००। |
| ४ | अपि हिमाल | गोकुलेश्वर | ७०००। |
| ५ | मार्मा | गोकुलेश्वर | ५०००। |
| ६ | नौगाड | गोकुलेश्वर | ४०००। |
| ७ | मालिकार्जुन | गोकुलेश्वर | ४०००। |
| ८ | महाकाली | गोकुलेश्वर | ६०००। |
| ९ | लेकम | गोकुलेश्वर | ४०००। |
| १० | दुहु | गोकुलेश्वर | ८०००। |
| ११ | व्यास | गोकुलेश्वर | १००००। |

आज्ञाले:

सुरेन्द्रवहादुर विष्ट

प्रमुख प्रशासकीय अधिकृत